प्रदेश लोक सेवा आयोग
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

# स्थानीय सेवाका सहायकस्तर पाँचौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १४९।२०८२-०८३ प्रकाशित मितिः- २०८३।०२।०७

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंको मिति २०७६।०२।१५ गते प्रकाशित स्थानीय तहको पदपूर्ति सम्बन्धी सूचनाअनुसार बढुवाका लागि छुट्याइएका पद र यस आयोगको सूचना नं. ०१।२०७८-७९, मिति २०७८।०९।२७, सूचना नं. १४०।२०७९-०८०, मिति २०७९।०८।२७, सूचना नं. १५०।२०८०।०८१, मिति २०८०।०९।२४ र सूचना नं. १५८।२०८०।०८१, मिति २०८०।१०।२३ मा प्रकाशित सूचना अनुसार जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि छुट्याइएका पदहरुमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ बमोजिम तह कायम भई स्वतः खारेज भएका पदसंख्या घटाई कायम हुन आउने तपसिलका पदमा ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ३१ र ३२ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारण भएको दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०३।१० गते सम्म दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://ppsc.karnali.gov.np/category/forms/ बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्त फारामहरुलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा २७ को उपदफा (२) बमोजिमको बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

## उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रुपमा पेस गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेस गर्नुपर्ने।
५. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिमको तालिमको प्रमाणपत्र पेस गर्नुपर्ने।
६. ज्येष्ठतावापतको अङ्क गणना गर्दा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ३४ बमोजिम हुनेछ।

७. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरु स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३२ बमोजिम हुनेछ।

८. बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्ने।

९. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ बमोजिम हुने।

**(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदको विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद | सेवा, समूह र उपसमूह | पद संख्या |
|---|---|---|---|---|
| १. | ०१।०८२-८३ | वरिष्ठ प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | १८१ |
| २. | ०२।०८२-८३ | सब-इन्जिनियर | स्थानीय इन्जिनियरिङ, सिभिल | ११७ |
| ३. | ०३।०८२-८३ | प्राविधिक सहायक | स्थानीय कृषि, कृषि | १३ |
| ४. | ०४।०८२-८३ | पशु स्वास्थ्य प्राविधिक | स्थानीय कृषि, भेटेरीनरी | ६ |
| ५. | ०५।०८२-८३ | पशु सेवा प्राविधिक | स्थानीय कृषि, ला.पो.डे.डे. | २ |

**(ख) कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा हुने पदको विवरण**

| क्र.सं. | बढुवा सूचना नं. | पद | सेवा, समूह र उपसमूह | पद संख्या |
|---|---|---|---|---|
| १. | ०६।०८२-८३ | वरिष्ठ प्रशासन सहायक | स्थानीय प्रशासन, सामान्य प्रशासन | ९७ |
| २. | ०७।०८२-८३ | सब-ईन्जिनियर | स्थानीय इन्जिनियरिङ, सिभिल | ६७ |

**दरखास्त दस्तुरः-** रु. ५००।- (पाँच सय रुपैया मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः-** https://revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)